महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

प्युठान नगरपालिका

प्यूठान

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

प्युठान नगरपालिका

प्यूठान



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ६४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
प्यूठान नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
प्यूठान ।

कैफियत सहितको राय

हामीले प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २३ लाख ३७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४७ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ५६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.४ करोड ४ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड १३ लाख ८२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजूको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

प्यूठान नगरपालिका, प्यूठान

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
७२	९	२३३७	०	०	०	७२	९	२३३७	२३४	२०५६	४७	०	०	२१०३	०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान नगरपालिका, प्यूठान	४०४२६	०	११३८१	२९०४५	०	२३३७	३१३८२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : प्युठान नगरपालिका, प्युठान , प्युठान नगरपालिका , प्यूठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	महेश कुमार गुरुङ	२०७८-९-१०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	थानेश्वर बहादुर भण्डारी	२०७८-४-१	
लेखा प्रमुख	गोविन्द जि.सी	२०७८-९-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	जित बहादुर हमाल	२०७८-४-१	
		बेरुजु रकम	२,३३७,१४८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८,३९,१४,६८२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४६,८८,७१,०००	**चालु खर्च**	४३,२१,७५,६१६
प्रदेश सरकारबाट अनुदान	६,६८,२०,०००	**पूँजीगत खर्च**	१५,०३,७१,६३२
राजश्व बाँडफाँट	११,३८,२६,७२३	**वित्तीय/अन्य व्यवस्था**	२२,४४,८८,८५१
आन्तरिक आय	३,२२,७९,३६२		
अन्य आय	१६,४१,३७,५१५		
कुल आय	८४,५९,३४,६००	**कुल खर्च**	८०,७०,३६,०९९
बाँकी मौज्दात		१२,२८,१३,१८३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
आय व्ययको विवरण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।
आर्थिक बर्ष: २०७८/७९
प्यूठान नगरपालिका
<table>
<tr><th colspan="3">आयतर्फ</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><th>सि.नं</th><th>विवरण</th><th>रकम</th><th>सि.नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td>८३९१४६८२</td><td>१</td><td>चालु खर्च</td><td>४३२१७५६१६</td></tr>
<tr><td>२</td><td>राजस्व (आन्तरिक आय)</td><td>१४६१०६०८५</td><td>२</td><td>पूँजीगत खर्च</td><td>१५०३७१६३२</td></tr>
<tr><td>३</td><td>वित्तिय हस्तान्तरण संघ</td><td>४६८८७१०००</td><td>३</td><td>धरौटी फिर्ता</td><td>३२६८३५५</td></tr>
<tr><td>४</td><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td>६६८२०००</td><td>४</td><td>कोष खर्च</td><td>९८५२४८८</td></tr>
<tr><td>५</td><td>अन्तर स्थानीय तहबाट प्राप्त</td><td>१४५८३०६८०</td><td>५</td><td>शसर्त अनुदान फिर्ता</td><td>६५५३७३२८</td></tr>
<tr><td>६</td><td>विभिन्न कोषतर्फको आय</td><td>१६०४९६०३</td><td>६</td><td>बैंक मौज्दात</td><td>१०८९७६७७७</td></tr>
<tr><td>७</td><td>अन्य विविध आय</td><td>२२५७२३२</td><td>७</td><td>सामाजिक सुरक्षा</td><td>१४५१७०६८५</td></tr>
<tr><td></td><td></td><td></td><td>८</td><td>गरिव संग विश्वेश्वर</td><td>६५९९९५</td></tr>
<tr><td></td><td></td><td></td><td>९</td><td>धरौटी मौज्दात</td><td>११३७६१६१</td></tr>
<tr><td></td><td></td><td></td><td>१०</td><td>कोष खाताको मौज्दात</td><td>२४६०२४५</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
						११	स्थानीय पुर्वाधार विकास		
			जम्मा		९२९८४९२८२	जम्मा		९२९८४९२८२	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस नगरपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ।यस नगरपालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, १२८.९६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८ हजार ४४९ जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :						
३			**असुली** लेखापरीक्षणको क्रममा बेरुजु औंल्याए पछि रु. ३,२२,४०२।०० असुल भई दाखिला भएको छ । साथै संघिय सञ्चित कोषमा रु.४,२६,५४,४७९।७५ र प्रदेश संञ्चित कोषमा रु.२,२८,८२,८४९। फिर्ता भएको छ ।						
४			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । . पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । · विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको एवं वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । · मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । · कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । · कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । · सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। · स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। · ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । · सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको · निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । · निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । · मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**लक्ष्य प्रगति** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्नु पर्दछ ।	
६			**बजेट पेश, पारित र अख्तियारी** **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री शान्ता आचार्यले मिति २०७८।०३।१० गते रु.६९ करोड ८४ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बैक हिसाब मिलान** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको श्रेस्ता र बैंक अनुसारको विवरण देहाए बमोजिम छ ।	

सि.नं.	खाताकोनाम	श्रेस्ताअनुसारबाँकी	बैंकस्टेटमेण्टअनुसारबाँकी	फरक
१	आन्तरिकराजस्वखाता	०	१६३।००	१६३।००
२	चालुखर्चखाता	०	०	
३	पूँजीगतखर्चखाता	०	०	
४	विविध	१४६२४२२।५०	१४६२४२२।५०	
५	स्थानीय तह धरौटी	११३७६१६१।	११३७६१६१।	
६	स्थानीय तह संचित कोष खाता	१७२७०८९९५।२६	१७२७०८९९५।२६	
७	स्थानीयतहआकस्मिककोषखाता	२४६०२४५।२६	२४६०२४५।२६	
८	स्थानीयतहप्रकोपव्यवस्थापनकोष	३४२६८८।२५	३४२६८८।२५	
९	राजस्व बाँडफाँड	०	०	
	जम्मा	१८८३५०५१२।२७	१८८३५०६७५।२७	१६३।००

उपरोक्त विवरण अर्न्तगत सञ्चित कोषमा रु.६५५३७३२८।७५ संघीय सञ्चित कोष र प्रदेश सञ्चित कोषमा फिर्ता भएको रकम समेत समाबेश छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**अबण्डा बजेट** **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष मेयर उपमेयर कार्यक्रम अन्तर्गत कार्यक्रम नतोकि रु५० लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**बजेट सीमा निर्धारण समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
१०			**बजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
११			**गत बर्षको दायित्व** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा विभिन्न ७ वटा आयोजनालाई रु. १११२०९५।०० भुक्तानी दिन बाँकी रहेको बिबरण पेश गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३९७७८०५०</td><td>३०५३९५५६</td><td>५</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>४१६४६७६९२</td><td>३६६७६२४२७.२५</td><td>६३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१०५५२५२७२</td><td>७६०७८२३५</td><td>१३</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१६८१६४००</td><td>१२९६५९००</td><td>२</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२७९९७५८३</td><td>९६२०११३०</td><td>१७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७०६५८४९९७</td><td>५८२५४७२४८</td><td>१००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ६३ प्रतिशत र संस्थागत विकास सवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ ।

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

व्यवसाय कर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २७,७२,०६०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझौ गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझौ खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझौ खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाएको देखिएन । पालिकाले निमनासुसार १० लाख भन्दा बढिका कार्यालय सामान र फर्निचर पटक पटक खरिद गरेको देखियो ।	

गो.भौ.नं मिति	विवरण	रकम
२४-२०७८।६।१९	मसलन्द तथा कार्यालय सामाग्री	९३०६६
४१-२०७८।०६।२३	पुस्तिका छपाई	२२१४८०।००
४२१-२०७९।०३।१२	मसलन्द तथा कार्यालय सामाग्री	७४९७८०।००
जम्मा		१०६४३२६।००
८-२०७८।७।२६	फर्निचर सामाग्री	४३९९८
१३०-२०७८।१२।१७	फर्निचर सामाग्री	१९८३७८
२८८।२०७९।३।१५	फर्निचर सामाग्री	१३१९६५
३०४-२०७९।३।२१	फर्निचर सामाग्री	९९८९८०
३२२-२०७९।३।२२	फर्निचर सामाग्री	१३००००
जम्मा		१३७३३२१।००
कुल जम्मा		२४३७६४७।००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>परामर्श सेवा
सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझौ खरिद गरी रु.११९०८८४। खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

<table>
<tr><th>गो.भौ.नं मिति</th><th>विवरण</th><th>पार्टिको नाम</th><th>रकम</th></tr>
<tr><td>५०१-२०७८।६।२३</td><td>डि पी आर तयारी</td><td>डि बी ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्शन प्रा लि</td><td>२९८३२०</td></tr>
<tr><td>५१८-२०७९।३।२५</td><td>डि पी आर तयारी</td><td>ए वन डिजाइनर एण्ड पलानर</td><td>३९६४९४</td></tr>
<tr><td>५१९-२०७९।३।२५</td><td>डि पी आर तयारी</td><td>ए वन डिजाइनर एण्ड पलानर</td><td>१९७७५०</td></tr>
<tr><td>५२०-२०७९।३।२५</td><td>डि पी आर तयारी</td><td>पिरामिड इन्जिनियरिङ्ग कन्सल्टेन्सि</td><td>२९८३२०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११९०८८४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष
विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापन समितिले प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु४८७७९३२।७० मा रु४५३५२४४। खर्च गरी बाँकी रु३४२६८८।७० देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
१९			**कार्य सम्पन्न प्रतिवेदन** **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।**	
२०			**कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र त्यस्तो रकम सम्बन्धित आयोजनामा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०७८।७९ रु. १३७४०००।०० रकम कन्टिन्जेन्सी वापत खर्च लेखेको पाइयो । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरि राख्नु पर्नेमा राखेको पाइएन ।	
२१			**खर्च बिश्लेषण** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ३,२२,७९,३६२।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ७५,१०,७९,२४६।०० समेत रु ७८,३३,५८,६०८।०० आम्दानी भएकोमा चालु तर्फ रु ४३,२१,७५,६१६।२५ र पूँजिगत तर्फ रु १५,०३,७१,६३२।० समेत रु ५८,२५,४७,२४८।२५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.५४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ८३,०७,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २५.७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.१९ प्रतिशत चालु र २५.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।प्यूठान नगरपालिका राहात वितरण कार्यविधि, २०७५ मा राजनीतिक तथा विभिन्न संघ संस्थालाई निवेदनको आधारमा आर्थिक सहयोग वितरण गर्न सकिने व्यवस्था गरी विभिन्न राजनीतिक दल तथा संघ संस्थालाई विपत व्यवस्थापन कोषबाट २१००००।०० रकम वितरण गरेको पाइयो । त्यसै गरी पालिकाले ३ वटा संस्थालाई रु.३५०००।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२३			**जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९३३४०३९६।३३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा प्राप्ती भुक्तानी हिसाव अनुसार रु.८३९१४६८२।५८ जिम्मेवारी सारेको देखियो । त्यस्तै प्रकोप व्यवस्थापन कोष तर्फ रु.३३५९२९४।७०, आकस्मिक कोष तर्फ रु३३३४४१९।, विभाज्य कोष तर्फ रु.२७३२०००। समेत रु.९४२५७१३।७० समावेश गर्दा शुरु मौज्दात रु.९३३४०३९६।३३ भिडान भएको अवस्था छ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट कोष तर्फको मौज्दात जिम्मेवारी सार्न नमिलेको कारण प्राप्ती भुक्तानी हिसावसंग मात्र भिडान नभएको पालिकाले जनाएको छ ।	
२४			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
२४.१			**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विभिन्न ७ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।**	
२४.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८० जना कर्मचारीहरु करारमा राखि खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको स्वास्थ्य तर्फ ३० जना, कृषि तर्फ ७ जना, पूर्वाधार तर्फ ७ जना, पशु सेवा तर्फ २ जना, सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई तर्फ ३ जना करारमा नियुक्ति गरी भुक्तानी गरेको उपयुक्त देखिएन । प्रदेश लोक सेवा मार्फत स्थायी पदपूर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका १० वटा वडा कार्यालयमा १० वटै वडा सचिवको पदपूर्ति भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
चौमासिक खर्च
आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१)बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची -२ बमोजिमको प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>४३,२१,७५,६१६।२५</td><td>८,८७,१३,०६८।०</td><td>१०,१३,२८,७२९।०</td><td>२४,२१,३३,८१९.२५</td><td rowspan="2">२१,२२,९०,७३८।००</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१५,०३,७१,६३२।०</td><td>१६,७४,४४९।०</td><td>२,२६,९४,३९३।०</td><td>१२,६०,०२,७९०।०</td></tr>
<tr><td rowspan="2"></td><td>जम्मा</td><td>५८,२५,४७,२४८।२५</td><td>९,०३,८७,५१७।००</td><td>१२,४०,२३,१२२।००</td><td>३६,८१,३६,६०९।२५</td><td>२१,२२,९०,७३८।००</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>१५।५२</td><td>२१।२८</td><td>६३।१९</td><td>३६।४४</td></tr>
</table>
नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ५८,२५,४७,२४८।२५ निकासा भएकोमा प्रथम चौमासिक मा रु.९,०३,८७,५१७।०० अर्थात १५.५१ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२,४०,२३,१२२।००,अर्थात २१.२८ प्रतिशत र तेश्रो चौमासिक मा रु.३६,८१,३६,६०९।२५,, अर्थात ६३.१९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.२१,२२,९०,७३८।०० अर्थात ३६.४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी स्वीकृतकार्यक्रमअनुसारचौमासिकरुपमासन्तुलितखर्चहुनेगरीकार्यक्रमकार्यान्वियनगरिनुपर्दछ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**योजना छनौट र कार्यान्वियन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । रु १ लाख सम्मका ३९३ वटा रु १ लाख देखि २ लाखसम्मका १५३ वटा रु २ लाखदेखि ५ लाखसम्मका ६३ वटा र रु ५ लाख देखि १० लाखसम्मका रु २३ वटा र १० लाखभन्दा बढीको जम्मा २५ वटा गरी जम्मा ६५७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३९३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**सेवाप्रवाहको स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, २ वटा नियमावली र ४८वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	७
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१५९८
मृत्युदर्ता	४६५
बसाईसराई दर्ता	२०२
विवाह दर्ता	६३७
सम्बन्धविच्छेद दर्ता	११
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१२
ग्राभेल सडक मर्मत	१२

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**स्थानीय तहका पदाधिकारी सुविधा** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले २०७७।२।२९ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८३,०७,०००।०० सुविधा वापत भुक्तानी भएको छ ।	

सि. नं	विवरण	प्रमुख	उपप्रमुख	वडा अध्यक्ष १०जना	कार्यपालिकासदस्य२१जना	सभाकासदस्य	जम्मा
१	बैठक भत्ता	१०००	१०००	१०००	१०००	१०००	
२	यातायात खर्च	-	१२०००	१२०००	७०००	३५००	
३	टेलिफोन,मोबाइल	४०००	४०००	३०००	३०००	२५००	
४	पुस्तक,पत्रीका, ईन्टरनेट	५००००	५०००	४०००	३०००	२०००	
५	जनसम्पर्क तथा सहजीकरण, विशेषा जिम्मेवारी सुविधा	१३०००	८०००	६०००	५०००	०	
६	अतिथि सत्कार	७०००	६०००	६०००	०	०	
७	खानेपानी/बिजुली/ सरसफाई	५०००	५०००	५०००	०	०	
८	चाडपर्व खर्च	१५०००	१५०००	१२०००	१००००	८०००	
	जम्मा	५२२०००	६०००००	४२८००००	२६८४०००	२२१०००	८३,०७,०००।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३८,९६,०००।०० खर्च गरेको छ ।	
३०			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
३१			**बार्षिक खरिद योजना/गुरुयोजना** **सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५,०३,७१,६३२।० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।**	
३२			**कानून निर्माण एवं कार्यान्वियन**	
३२.१			**कानून र सञ्चालन स्थिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, २ वटा नियमावली, ४८ कार्यविधि लगायत ६४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।**	
३२.२			**न्यायीक समिति: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको ३ विवाद दर्ता भएकोमा ३ वटौ विवाद फछ्र्यौट भएको देखिन्छ ।**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**सवारी साधन खरिद** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.५,५९,८००।०० वित्तिय समानिकरण बजेटबाट खर्च गरेको छ । <table><tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>रकम</td></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>५,५९,८००।००</td></tr><tr><td></td><td>**जम्मा**</td><td>२</td><td>५,५९,८००।००</td></tr></table>	
३४			**आयको अनुमान** **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,४४,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ३,२२,७९,३६२।०० अर्थात अनुमान भन्दा ३२.३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।**	
३५			**आन्तरिक आय** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । <table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>३३,८३,८४,६००।००</td><td>३,२२,७९,३६२।००</td><td>९.५४</td></tr></table> उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.५४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । (तालिका तल) पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
३७			**राजश्व वाँडफाँड** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गरेको पाइयो । (तालिका तल)	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५५०००००	५६९६६५०।३७	१०३।५८
घरजग्गा वहाल कर	९०००००	२३६५२१८।८१	२६२।८०
व्यवसाय कर	३००००००	२७७२०६०	९२।४०

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाएको मिति
अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी	२६९६५२६।	१०७८६१०।	१०७८६१०।	२०७९।३।२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा खरिद सम्झौताको सर्त वमोजिम पेश्की फर्स्योट हुनुपर्दछ । पालिकाले राधाकृण एण्ड व्रदर्श कन्स्ट्रक्सन प्रा.ली. लाई रु.४६००००।०० पेश्की दिएकोमा फर्स्योट हुन बाँकी रहेको छ । उक्त म्याद ननाघेको पेश्की नियमावली र ठेक्का सम्झौता बमोजिम फर्स्योट गर्नुपर्ने देखिन्छ ।	
३९	१७	२०७८-६-११	**भ्रमण भत्ता** दैनिक भ्रमण भत्ता नियमवली २०६४ को नियम ७(४) बमोजिम सरुवा वा बढुवा भई हाजिर हुन खटिएको कार्यालयमा पुगेको दिन र काजबाट फर्केको दिनको अनुसुचि १ बमोजिम पाउने भ्रमण भत्ताको २५ प्रतिशत रकम पाउने व्यवस्था छ । पालिकाले अधिकृतस्तर सातौं सुनिलकुमार शर्मालाई २०७८।६।१७ देखि ०७८।६।१७ सम्मको सरुवा भ्रमण भत्ता ५ जनाको रु १६०० का दरले २५ प्रतिशत मात्रै भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी गरेको देखिएको असुल हुनुपर्ने रु	६,०००
४०	३४९	२०७९-२-२०	**विलम्ब शुल्क** पालिकाले पानि तथा विद्युत महशुल भुक्तानी गर्दा समयमा नै भुक्तानी गरी छूट प्राप्त गर्नुपर्दछ । पालिकाले विद्युत महशुल भुक्तानी गर्दा नेपाल विद्युत प्राधिकरणलाइ रु २०४३२ विलम्ब शुल्क सहित भुक्तानी गरेको छ । यसरी पालिकाले समयमै महसुल भुक्तानि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
४१			**शिक्षा तर्फ:**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति : स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी र विद्यार्थीको संख्या निम्नबमोजिम रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुको साथै न्यून विद्यार्थि संख्या भएका विद्यालयलाई समायोजन गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय संख्या</th><th>शिक्षकदरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्तिमध्येकरार</th><th>विद्यार्थीसंख्या</th></tr>
<tr><td>१</td><td>५२</td><td>२७२</td><td>२७२</td><td>९२</td><td>११८७७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिष्टर -विद्यालयलाई निकासा भएको रकमकोअधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा विद्यालयगत निकासा रजिष्टर बनाई राख्नुपर्नेमा कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई दिएको निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>नि:शुल्क पाठ्यपुस्तक अनुदान: कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ को क्रियाकलाप नं. २.४.६.१ बमोजिम कक्षा १ देखि १२ सम्म विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तक अनुदान निकासाका लागि प्रति विद्यार्थी लागतका आधारमा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई संकलन गरी सम्बन्धित शिक्षा अधिकृतबाट प्रमाणित गराउने र सो आधारमा पाठ्युस्तक संख्या कक्षागत रुपमा एकिन गरी पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दररेट बमोजिम तेस्रो चौमासिकभित्र विद्यालयलाई अनुदान निकासा गर्नु पर्दछ । नगरपालिकाले नि:शुल्क पाठ्यपुस्तक अनुदान वापत कुल ५२ विद्यालयलाई रु.६१,५०,०००।०० रकम निकास गरेकोमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेट बमोजिम सो रकम निकास भएको पाईएन साथै IEMIS मा प्रविष्ट विद्यार्थी संख्या र पाठ्यपुस्तकको भरपाईबिच एकरुपता देखिएन । यसरी IEMIS लाई अद्यावधिक गरी सोमा भएको तथ्याङ्कको आधारमा मात्र रकम निकासा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.४</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.६९,९२,०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.५			**शैक्षिकव्यवस्थापनसूचनाप्रणाली (IEMIS) :**कार्यक्रमकार्यान्वयनपुस्तिका (आ.व. २०७७।७८) मा **IEMIS**मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रू.४००।- का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Cornerव्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू.१५०।- का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू.५००।- का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले **IEMIS**मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम **IEMIS** डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।	
४१.६			**नमुना विद्यालय:** नमुना विद्यालयको लागि जनता माध्यामिक विद्यालय वाग्दुल्लालाई आर्थिक बर्ष २०७८।७९ को लागि रु. ७० लाख व्यवस्था भएकोमा भवन निर्माणको लागि खुला बोलपत्र मार्पत रु. ४६,६३,१८९।६८ भुक्तानी भएको र बाँकी रकमबाट गुरुयोजनामा उल्लेखित कार्यको लागि रु. १० लाख कोटेशनबाट र रु. १०३१७४०।०० विद्यालय व्यवस्थापन समिति मार्फत खर्च भएको देखिन्छ ।	
४१.७			**स्रोत व्यक्ति सट्टा शिक्षकः-** संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई मुक्ति माध्यमिक विद्यालयका शिक्षक तथा तत्कालिन स्रोतव्यक्ति श्री विष्णु प्रसाद पोख्रेललाई नगरपालिका कार्यालयमा काजमा राखेको र निजको स्थानमा सट्टाशिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रु.५,२७,८७०।- तलब भत्ता भुक्तानी भएको छ । सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रु.	५२७,८७०
४१.८			छात्रवृत्तिः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रवृत्ति रकम अनुदान दिनुपर्दछ।नगरपालिकाले ५२ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई वितरण गर्न छात्रवृत्ति रकम निकासा गरेकोमा पालिकाले छात्रवृत्ति विद्यार्थीले पाए नपाएको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**आन्तरिक लेखापरीक्षण बेरुजु** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्योट गरी अन्तिम लेखापरीक्षकलाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण बेरुजुबाट औंल्याइएको देहाएका व्यहोरा फस्र्योट तथा सुधार गर्नुपर्दछ । : १. भ्रमण आदेश स्वीकृत विना भ्रमण खर्च भुक्तानी हुने गरेकोले त्यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । भ्रमण अभिलेख तथा प्रतिवेदन तोकिएको ढाँचामा राख्नु पर्दछ । २. आयोजनाको अनुगमन निर्धारित समयमै हुनुपर्ने देखिन्छ । ३. निर्माण कार्यमा लाग्ने सामाग्री तथा कामदारहरुको अनुपात तोकिएको प्राविधिक इस्टिमेट अनुरुप हुनुपर्दछ । ४. कार्यक्रम सञ्चालकले अनुगमन भत्ता लिने कार्यमा नियन्त्रण हुनुपर्दछ । ५. पालिकाको अनुदान प्राप्त गर्ने पक्षले पालिकालाई तोकिएको समयमा प्रतिवेदन पेश गर्नु पर्नु पर्दछ । ६. कर्मचारीलाई तोकिएको कार्यालयको कामको लागि मात्र भ्रमण स्वीकृत हुनुपर्दछ । ७. अधिकार प्राप्त अधिकारीबाट भ्रमण आदेश स्वीकृत हुनुपर्दछ ।	
४३			**सामाजिक सुरक्षा**	
४३.१			**पारदर्शिता -** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्वन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लेखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा खर्चलाई पारदर्शी बनाउनु पर्दछ ।	
४३.२			**प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा स्थानीय तहले वितरण गरेको भत्ताको विवरण अद्यावधिक गरी एम आइ एस मा प्रविष्टी गर्नु पर्ने,भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावलीको त्रैमासिक विवरण स्थानीय तह र वडा कार्यालयमा सार्वजनिक गर्नुपर्ने उल्लेख छ।कार्यालयले सबै विवरण एम आइ एस मा प्रविष्ट गरेको तथा सामाजिक सुरक्षा वितरण वैंकिङ प्रणालिबाट वितरण गर्ने गरेको भएतापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन । लेखापरीक्षण सम्पन्न हुँदा सम्म बैंकबाट वितरण, हिसाब मिलान बिवरण तथा बाँकी रकम संघिय सञ्चित कोषमा फिर्ता गरेको विवरण प्राप्त भएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३.३			**सार्वजनिक सुनुवाइ -** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्दछ । सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने विषय सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाई भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । अत कार्यविधिको पालना गर्नुपर्दछ ।	
४४			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले खरीद गरेको औषधी सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।	
४४.१			खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
४४.२			आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट **Specification** अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएको,	
४४.३			आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४४.४			औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
४४.५			औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
४४.६			तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**योजना हस्तान्तरण** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।	
४६			**नन्नफाइलर** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु 25480 समेत रु 196000 भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । तसर्थ मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु	२५,४८०

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
४१-०७८।६।२३	प्युठान अफसेट प्रेस	६०७६७९९४	१९६०००	२५४८०	
	जम्मा		१९६०००	२५४८०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**शीर्षक फरक पारी खर्च** आर्थिक कार्यविधि तथा वित्तिय ऐन,२०७७ को दफा ४१ को (क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको हुनुपर्दछ पालिकाले निम्न बमोजिम रहेका कार्यक्रममा भएको बजेट फरक कार्यक्रममा खर्च गरी वील भरपाइ संलग्न गरेको पाइयो । यसरी खर्च गरेको रकम नियमसम्मत नदेखिएकोले नियमीत गर्नुपर्ने रु	८००,५४६

गो.भौ.नं मिति	खर्च गर्नुपर्ने शिर्षक	खर्च गरेको शीर्षक	रकम
१३-२०७८/६/१०	विविध खर्च	कोरोना जोखिम भत्ता	१११९४६
३५८-२०७९/३/२३	विविध खर्च	इन्धन खरिद	४२६४००
४५३-०७९।३।२१	मेशिनरी तथा औजार मर्मत सम्भार	साउण्ड सिष्टम खरिद	२६३०००
जम्मा			८००५४६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>विद्युतीय चुलो
बैकल्पिक उर्जा प्रवद्धन केन्द्रको च.नं.१४७० मिति २०७९।३।९ को पत्रबाट त्यस केन्द्रले विद्युतीय चूलो खरिद प्रक्रियाको लागि बोलपत्र आव्हान गरि आपूर्ति कर्तासँग सम्झौता समेत भई सकेको र आपूर्तिकताले कबल गरेको रकमको २० प्रतिशत हिस्सा आउने रकम लागत साझेदारीबाट सम्झौता गर्न अनुरोध भई आएकोमा केन्द्र, बागमती प्रदेश र प्युठान नगरपालिका वीच मिति २०७९।३।१२ मा १४०० वटा विद्युतिय इन्डक्सन चुलो खरिद गर्न सम्झौता भएको देखिन्छ । सोही सम्झौता बमोजिम भौ.नं.२८७।२०७९।३।१५ बाट १४०० वटा चुलोको लागत सझेदारी सम्झौता बमोजिम २० प्रतिशत हिस्साले हुने रु.७२७६२२। भुक्तानी भएको देखिन्छ । उक्त खरिद वार्षिक नगर विकास योजनामा समावेश भएको देखिएन । साथै लक्षित समूह पहिचान नहुँदा आवश्यकता भन्दा वितरणउन्मुख प्रकृयाले उक्त सामाग्री लेखापरीक्षण अवधिसम्म वितरण नभई पालिकामा भौतिक रुपमा मौज्दात देखिँदा नियमसम्मत नदेखिएको रु</td><td>७२७,६२२</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अधुरो ठेक्का

निम्नानुसार ठेक्काहरु लेखापरीक्षणको अवधिसम्म निम्नानुसार भुक्तानी भई कार्यसम्पन्न भएको पाइएन । साथै म्यादथप समेत भएको नदेखिएकोले नियमानुसार म्याद थप भएको प्रमाण पेश हुनुपर्ने अन्यथा पूर्वनिर्धारित क्षतिपूर्ति गणना गरी असुल गर्नुपर्ने देखिएको छ।

<table>
<tr><th>ठेक्का नं</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न गर्नु पर्ने अवधि</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>9/MUN/2078/79/J-WSSP</td><td>मरन्ठाना कोट खा.पा.यो.</td><td>राधाकृष्ण ब्रोडर एण्ड कन्सट्रक्सन</td><td>५२९१९५०</td><td>२०७९।१।३१</td><td>२२५३१४३।८७</td></tr>
<tr><td>13/MUN/2078/79/A-WSSP</td><td>आपपाटा मजुवा गुरिगाउखा.पा.यो.</td><td>राधाकृष्ण ब्रोडर एण्ड कन्सट्रक्सन</td><td>४०८९७६६</td><td>२०७९।२।३०</td><td>२०७७१३६।६२</td></tr>
<tr><td>8/MUN/2078/79/T-WSSP</td><td>थापाडाँडा खा.पा.यो.</td><td>राधाकृष्ण ब्रोडर एण्ड कन्सट्रक्सन</td><td>२९०८२१२</td><td>२०७९।१।३१</td><td>२८३५६४५।९७</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**प्रधानमन्त्री रोजपगार कार्यक्रम** यस कार्यक्रम अन्तर्गत पालिका भित्रका १० वटै वडाका मोटरबाटो निर्माण, स्तरोन्नती, मर्मत सम्भार, पोखरी निर्माण, नाली मर्मत लगायतका ३४ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९८ जनालाई दैनिक रु.५७७। का दरले रोजगारी उपलव्ध गराई श्रमिक ज्याला रु.१५४२०३२५। खर्च लेखेको छ। लक्षित वर्गमा औषतमा ४४.६९ दिनसम्म रकम खर्च लेखेको छ ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ६७ मा निजी तथा गैरसरकारी क्षेत्रसंग सहयोग तथा समन्वय गरी रोजगारी सिर्जनाका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा गरी कार्यान्वियन गर्न सकिने व्यवस्था रहेको देखिन्छ । अतः निजी तथा गैरसरकारी क्षेत्रसंगको सहकार्यमा कार्य गरी बेरोजगार युवाहरुलाई रोजगारी सृजना गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
५१			**उपभोक्ता समिति दर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
५२			**हेभी मेशिनरी प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा मेशिन प्रयोगको काममा मेशिनको र मानव जनशक्ति काममा मानिसको दररेट राखेर लागत अनुमान तयार गरी कार्य गराउने गरेको पाइयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**जटिलसंरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेमस्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माणकार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
६२।२०७९।३।२५	स्वर्गद्धारी सभाहल निर्माण कार्य उ स	सभाहल निर्माण	४८५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**नाफामुखी संस्थालाइ अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ३ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.४७९५४० अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रबाह हुने सुनिश्चित छैन ।	

सि.नं.	गो भौ नं मिति	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
१	२१५-०७८।१२।२	झुलेनि रेडियो	व्यवस्थापन खर्च	३४४७५०
२	२८६-०७९।१।१४	संगम महिला बहुउद्देश्यीय सहकारी संस्था लि.	व्यवस्थापन खर्च	६७६९५
३	२८६-०७९।१।१४	सहारा महिला बहुउद्देश्यीय सहकारी संस्था लि	व्यवस्थापन खर्च	६७०९५
	जम्मा			४७९५४०

यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>अतिरिक्त भत्ता
स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानिय सेवाको गठन संचालन व्यवस्थापन सेवा सर्त तथा सुविधा सम्बन्धित आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालय कार्य संचालन निर्देशिकको परिच्छेद को ७.४.१बमोजिम अतिरिक्त समय र विदाको दिनमा कार्य गर्दा अर्थ मन्त्रालयबाट नम्स स्वीकृत गराइ भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले राजश्व संकलन तथा व्यवस्थापनमा अतिरिक्त समयमा कार्य गरे वापत निम्न बमोजिम कर्मचारी भत्ता भुक्तानी गरेकोमा अतिरिक्त समय काम गरेको हाजिर प्रमाणित, अतिरिक्त काम गराउने स्वीकृत टिप्पणी र अतिरिक्त कामबाट भएको उपलब्धी विवरण प्राप्त नभएको रु.
<table>
<tr><th>गो भौ न मिति</th><th>कर्मचारीको नाम</th><th>दिन</th><th>दर</th><th>करकट्टि बाहेको रकम</th></tr>
<tr><td>१५-२०७८-०६-१०</td><td>रामकृष्ण शर्मा</td><td>२२</td><td>५००</td><td>१०८६०</td></tr>
<tr><td>१५-२०७८-०६-१०</td><td>शिखा वस्याल पाण्डे</td><td>२२</td><td>५००</td><td>१०८६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२१७८०</td></tr>
</table></td><td>२१,७८०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>करार कर्मचारी
स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३(७) मा गाँउपालिका वा नगरपालिकाले संगठन तथा व्यवस्थापनको सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञको सेवा करारबाट कार्य सम्पादन गर्न सक्ने व्यवस्था छ । साथै दफा ८३(८) मा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि गाँउपालिका नगरपालिकाले नगर प्रहरी सवारी चलाक सयश कार्यलय सहयोगी सम्बन्धि स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने व्यवस्था छ । सो बाहेक अन्य पदमा तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले कानुनि सहयोगीको लागि अधिबक्ता श्री रामश्वेर सापकोटलाइ करार सम्झौता गरी मासिक रु १५००० को वार्षिक रु १८०००० भुक्तानि गरेको देखियो ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>आय ठेक्का</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>नदीजन्य पदार्थको विक्रीको सम्बन्धमा लेखापरीक्षणको क्रममा आइ.ई.ई. ई.आई.ए. प्रतिवेदन माग गरिएको उक्त प्रतिवेदन पेश हुन आएन । जसले गर्दा उपरोक्ता अनुसार नाकाहरुबाट नदीजन्य पदार्थहरुको उत्खनन् तथा विक्री वितरण सम्बन्धमा विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यो वर्ष व्याकहो लोडर संचालन अवस्था निम्नानुसार देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन।	२२७,८५०

निःशुल्क प्रयोग		सशुल्क प्रयोग		जम्मा प्रयोग	
घण्टा	रकम	घण्टा	रकम	घण्टा	रकम
२९९.५	६२८९५०	४६७.४	८९५२३०	७२२.८	१५१७८८०

सशुल्क प्रयोग गर्दा प्रति घण्टा रु.२१००। का दरले सेवा संचालन शुल्क निर्धारण गरिएकोमा पालिकाले यस वर्ष सशुल्क प्रयोग गरेको २६७।४ घण्टाको रु.५६१५४। मात्र आम्दानी गरेको र गतवर्षको वक्यौता रु.१९५५६५। समेत रु.७५७११५। आम्दानी देखाएको छ । अतः निम्नानुसार उठ्न बाँकी रु.३३३३७०। सम्बन्धितबाट असुल हुनु पर्ने रु.

सि.नं।	नाम	घण्टा	रकम
१	ढाडचौरलिपिकोटमोटरवाटोयोजना	४२.२	८८६२०
२	वासखोलाकुरुवामोटरबाटोयोजना	५०.२	१०५४२०
३	कोलेडादेखिखर्कजोड्नेमोटरबाटोयोजना	१२.९	२७०९०
४	अनुखोलामोटरबाटोयोजना	३.२	६७२०
	जम्मा		२२७८५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.३			पालिकाको अभिलेख अनुसार सरसफाई सेवा शुल्क उठाउन ४ वटा बजार व्यवस्थापन समिति अन्तरगत निम्नानुसार दर्ता रहेको भएको देखिन्छ । सि.नं. | बजार व्यवस्थापन समिति | दर्तासंख्या | नविकरण (पूर्ण) | बाँकी (आंशिक) १ | विजुवार | ४५९ | १३७ | ३२२ २ | दाखाक्वाडी | ३५६ | १०५ | २५१ ३ | जुम्री | २६३ | ८४ | १७९ ४ | बाग्दुला | १४० | ९३ | ४७ ५ | मरणठाना | १५० | ७५ | ७५ उपरोक्तानुसार विवरण अनुसार दर्ता भएका मध्ये ५० प्रतिशत भन्दा बढीले वार्षिक सेवा शुल्क बुझाउन बाँकी देखिन्छ।अतः पालिकाभित्र दर्ता तथा नविकरण हुन बाँकी सबैबाट सरसफाई सेवा शुल्क पूर्ण रुपमा उठाउने तर्फ ध्यान दिनुपर्दछ।	
५७.४			सम्झौताको बुँदा नं.१, २, ६ र १८ मा तोकिएको स्थलबाट मात्र उत्खनन् तथा विक्री वितरण गर्नु पर्ने, तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाइने व्यहोरा उल्लेख भएको र उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिने र उत्खनन् संकलन तथा विक्री गरिने साधारण निवाहमूखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नु पर्ने, शुन्य गर्न नसकेको परिमाण नगरपालिकाले जफत गरी लिलाम विक्री गर्ने उल्लेख छ । यस सम्बन्धमा पालिकाबाट समय समयमा अनुगमन गरी नियन्त्रण गरेको देखिँदैन । जसले गर्दा तोकिएको स्थानबाट तोकिएको परिमाणमात्र उत्खनन् भयो भन्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.५			पालिकाले यस वर्ष ४ वटा नाकाबाट नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान गरेकोमा ३ वटा नाकामा दोश्रो पटक सूचना प्रकाशन पछि २०७८।६।१८ देखि २०७९ जेष्ठ मसान्तसम्म लागु हुने गरी ठेक्का सम्झौता गरेको र विजुवारघाट गद्धी नाकामा तेश्रो पटक सूचना आब्हान गर्दा समेत ठेक्का मार्फत हुन नसकेले अमानतबाट नदीजन्य पदार्थको निम्नानुसार विक्री गरी आम्दानी गरेको देखिन्छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः	

नाका	उत्खनन् परिणाम (घन मिटर)	लागतअनुमान (मू.अ.कर बाहेक)	सम्झौता रकम (मू.अ.कर बाहेक)
बेलुवाघाटगद्धीसालघारीफुलघाट, खैरा, बेलुवाजुम्रीदोभानसम्म	३१८६	९०००००	९०४८२४
विजुवारघाटगद्धी जुम्री दोभान देखि सत्तरी सम्म, जुम्रीदोभान दखि ढुंगेठाटीसम्म	२८३२	८०००००	३९७६५० (अमानत)
टिकुरीघाटगद्धी सत्तरी देखि बाग्दुला पक्की पुल, सारीवांग क्षेत्र	२४७८	७०००००	७०३७५२
सिसौघारीघाटगद्धी बाग्दुला पुल देखि धाइरे सम्म, हाडीगैरा मरण्ठाना क्षेत्र	२१२४	६०००००	६९०३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.६			यस वर्ष पालिकामा २४ नयाँ व्यवसाय दर्ता गरी २४३९ व्यवसाय दर्ता भएको देखिन्छ । जसमा यस वर्ष अन्तसम्म ७३५ वटा व्यवसाय मात्र नविकरण भएको देखिएकोले १७०४ व्यवसाय नविकरण हुन बाँकी देखिन्छ । अतः पालिका भित्र दर्ता रहेका र दर्ता हुन बाँकी व्यवसायीहरु समेतलाई राजस्वको दायरामा ल्याई आन्तरिक आम्दानी बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
५७.७			पालिकाले राजस्व लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोबारलाई नियमित र व्यवस्थित गर्न निजी क्षेत्रबाट तयार गरिएको कर संकलन प्रणाली प्रयोग गरी राजस्व आम्दानी गरेको पाइयो । सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमाभन्दा बाहिर रहेको छ । साथै निजी क्षेत्रबाट तयार गरिएको प्रणालीमा डाटा व्याकअप, सूचनामा गोपनीयता, सूचना सम्पादन तथा प्रशोधन जस्ता विभिन्न जोखिम रहने भएकोले राजस्व आम्दानी अभिलेखांकनको लागि आधिकारिक निकायबाट तयार पारिएको सफ्टवेयर प्रणाली उपयोगमा ल्याउने र समयमै असुल गरिएका रकम बैंक दाखिला गर्ने गराउने व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>आन्तरिक आय तर्फ
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम आफ्नो जिम्मामा रहेको राजस्व सोही दिन वा भोलि पल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । यस बर्ष पालिकाले २१ शिर्षकमा रु.२९९५३५२१।०० आन्तरिक आय संकलन गरेको देखिन्छ । सबै वडा कार्यालयहरुको आय संकलन तथा दाखिला विवरण परीक्षण गर्दा अधिकांश वडाहरुले छिटोमा मासिक रुपमा प्राप्त आम्दानी बैंक दाखिला गर्ने गरेको देखिन्छ । उक्त आम्दानीहरुको सम्बन्धमा नमुना छनौट आधारमा वडा नं.२ र ४ को फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन ।</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । राजस्व संकलन कार्य १० वटै वडा र पालिका केन्द्रमा गर्ने गरेकोमा ऐनको व्यवस्था बमोजिम रकम दाखिला हुने गरेको पाइएन । साथै तोकिएको शिर्षकमा रकम असुली र दाखिला देखाउनु पर्नेमा फरक शिर्षकहरुमा दाखिला हुँदा शिर्षकगत असुली र दाखिला एकिन भिडान गर्न सकिएन । पालिका अन्तरगतका वडाहरुले मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । अत: वडागत दैनिक तथा मासिक असुली र दाखिलाको विवरण तथा मलेपफा नं २०५, २०६ बमोजिम दैनिक आम्दानी विवरणको आधारमा श्रेस्ता तयार गरी रकम जम्मा गरेको रसिद नम्बर उल्लेख गरी बैंक दाखिला गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>राजस्व संकलन गर्दा पालिकाले ग्राहक प्रति मात्र प्रिन्ट गर्ने गरेको पाइयो । यस सम्बन्धमा पालिकासंग सोधपुछ गर्दा राजस्व व्यवस्थापन प्रणाली संचालनमा रहेको कारण अफिस प्रति प्रिन्ट गर्ने नगरेको जानकारी प्राप्त भयो । उक्त प्रणाली आधिकारिक निकाय महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृती नलिई संचालनमा रहेको कारण अभिलेख व्यवस्थापन तथा दिर्घकालिन तथ्यांक भण्डार सम्बन्धमा आश्वस्त हुन सकिएन । अतः आधिकारिक निकायबाट तयार गरेको प्रणाली संचालनमा ल्याउने र अफिस प्रति प्रिन्ट गरी राजस्व लेखांकन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
यस वर्ष फछ्योंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा</th><th rowspan="2">वेरुजुकोसंक्षिप्तव्यहोरा</th><th colspan="4">फस्योंटकोआधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
					नं.							
			१	२०७४/७५	२८.१	१. कमान सिंह पुन मगर २. प्रेम बहादुर हमाल ३. भगवती खड्का ४. छन्द्र बहादुर कुमाल	८,५२,०००।००				बैंक दाखिला ।	
			२	२०७४/७५	१२	विद्युत महशुल मिति २०७४।०९।०७ गते प्युठान नगरपालिका र वृहत विजुवारसाना सहकारी खानेपानी बिच सम्झौता भई पुँजिगत शिर्षकमा विनियोजिमत बजेटको चालु प्रकृतिको विद्युत महशुल खर्चमा भुक्तानी दिएकोले नियमसम्मत देखिएन ।			८,००,०००।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	
			३	२०७४/७५	२७	पुँजिगत बाट चालु खर्च- पुँजिगत शिर्षकमा विनियोजन बजेटबाट चालु खर्चमा समावेश गरी खर्च लेखेको नियमसम्मत देखिएन । विभिन्न १३ वटा आयोजनाकोरु.३३,३६,७००।००			३३,३६,७००।		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
									००			
			४	२०७५/७६	२	निकासा भन्दा बढी खर्च- नगरपालिकाले गरिबसंग बिशेश्वर कार्यक्रममा निकासारु.३००००००।०० भएकोमा खर्च रु. रु.५,५५,०००।०० भएको निकासा भन्दा बढी खर्च रु.२५५०००।०० नियम सम्मत नदेखिएको ।			२,५५,०००।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	
			५	२०७५/७६	४१	पुस्तक खरिद- विद्यालयमा पुस्तकालय स्थापना गर्न विद्यालयले खरिद गर्ने पुस्तक वितरण सहित लागत अनुमान र प्रस्तावना स्वीकृत रु.६५००००।०० भई रकम भुक्तानी भएकोमा श्री वाल विद्या माध्यामिक विद्यालयले ५४ प्रकारका विषयगत पुस्तकहरुको रु.४९२०५०।०० र रु.१०८०५२।०० को साहित्य तथा अन्य प्रकारका पुस्तक खरिद गरेकोले नियमसम्मत नदेखिएको ।			१०८०५२।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	
			६	२०७५/७६	५२	रु.३७,६१,३१९।००को सोझै खरिद नियमसम्मत नदेखिएको ।			३७,६१,३१९।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			७	२०७५/७६	६२	वडा नं. ८ को धर्मावती वचत तथा ऋण सहकारी संस्थाको शौचालय निर्माणको लागि भुक्तानी भएको रकम उपयुक्त नदेखिएको ।			४,८५,०००।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	
			८	२०७६/७७	२१	करार कर्मचारीलाई अवकास सुविधा वापत रु.१०००००।०० को दरले २ जनालाई रु.२०००००।०० भुक्तानी भएकोले स्पष्ट कानुनी आधार विना त्यस्तो खर्च नियम सम्मत नदेखिएको ।			२,००,०००।००			
			९	२०७६/७७	२१	डिपिआर खर्चको सार्थकता नदेखिएको ।			१५,८२,९९५।००		खर्च समर्थन गरी सभाबाट मिति २०७८।१०।२८ गतेको निर्णयानुसार स्वीकृत भएको ।	
			जम्मा						१,१			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३,
८
१,
०
३
१।
०
०</td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>अध्यावधिक बेरुजु
यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>४०४२६</td><td>११३८१</td><td>२३३७</td><td>०</td><td>३१३८२</td></tr>
</table></td><td></td></tr>
</table>